मधुवन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मधुवन, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

## रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः-२०७९/०४/०१)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.स२०७९/८० च.नं. PMEP/३६३, मिति २०७९/०३/२२ को पत्रानुसार यस मधुवन नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिम विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १/२०७९-८० | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १ |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभवः-**
   (क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उँत्तीर्णगरेको
   (ख) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको
   (ग) आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको

२. **दरखास्त दिने स्थानः-** मधुवन नगरपालिकाको कार्यालय

३. **दरखास्त दिने अन्तिम मितिः**-२०७९/०४/१५ गते कार्यालय समय भित्र

४. **आवेदन दस्तुरः-** रु. ५००।-

५. **छनौटको किसिमः-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित तथा प्रयोगात्मक परीक्षा

६. **आवेदन साथ संलग्न कागजातहरुः-** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नागरिकता
- न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- कामसँग सम्बन्धित अनुभव भए सोको कागजात
- तालिमको प्रमाणपत्र
- २ प्रति पासपोर्ट साईजको फोटो

७. **सेवा सुविधाः-** स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ

८. **पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः**-नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ ।

**नोटः**- आवेदनको ढाँचा र रोजगार सहायक पदको पाठ्यक्रम लगायत अन्य जानकारी प्रधामन्त्री रोजगार कार्यक्रमको वेभ साइट**www.pmep.gov.np**मा उपलब्ध छ ।

(नोखिराम ओली)
प्रमुख प्रशासकीय अधिकृत

**नोखिराम ओली**
**प्रमुख प्रशासकीय अधिकृत**